# कोल्ड स्टोर/ कोल्ड रुम निर्माण कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/०२)

**प्रस्तावनाः** कृषकले उत्पादन गरेका कृषि तथा पशुपन्छीजन्य उपजहरु उपयुक्त तापक्रम र सापेक्षिक आद्रता भएको कक्षमा भण्डारण गरी बजारको माग अनुसार बजारमा आपूर्ति गर्ने तथा उत्पादन उपरान्त हुने नोक्सानीलाई कम गरी उपभोग्य उत्पादन बढाउन र कृषकको आम्दानी बढाउनका लागि कोल्ड स्टोर निर्माण कार्यक्रम र कोल्ड रुम निर्माण कार्यक्रम संचालन गर्न “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

क) कोल्ड रुम/कोल्ड स्टोर निर्माण गर्ने स्थानमा कृषि तथा पशुपन्छीजन्य उपजहरु लोड अनलोड गर्ने सुविधा उपलब्ध भएको हुनुपर्नेछ ।

ख) कोल्ड रुम निर्माणको भण्डारण क्षमता १०-५० मेट्रिक टन र कोल्डस्टोरको क्षमता न्यूनतम १०० मेट्रिक टन हुनुपर्नेछ।

ग) कोल्ड स्टोर/कोल्ड रुम निर्माण कार्यक्रम कृषि सहकारी वा कृषक समुह वा कृषि उपज बजार संचालक समिति वा कृषि फर्म/कम्पनीसँगको साझेदारीमा संचालन गर्नुपर्नेछ।

घ) कोल्ड रुम निर्माण गर्दा देहाय बमोजिमका न्यूनतम मापदण्ड पुरा गर्नुपर्नेछ।

- Panel (Prefabricated sandwich panel) को मोटाइ न्युनतम ७५ मि.मि.
- सापेक्षिक आद्रता ५०-१०० प्रतिशत कायम गर्न Humidifier, Evaporator जस्ता उपकरण जडान
- -४° देखि १५° सेन्टिग्रेड सम्म तापक्रम कायम गर्न सकिने गरी Refrigerant, Condenser आदि उपकरण जडान
- जडान गरिएका यन्त्र उपकरणमा सुरक्षित विद्युत प्रवाहको लागि Stabilizer, Control system आदि जडान।

ङ) कोल्ड स्टोर निर्माण गर्दा देहाय बमोजिमका न्यूनतम मापदण्ड पुरा गर्नुपर्नेछ।

- Storage compatibility का आधारमा विभिन्न कृषि उपज भण्डारण गर्न सकिने गरी Multi commodity cold storage निर्माण
- स्टोरमा Precooling, Grading, Sorting, Packaging आदि क्रियाकलापको लागि संरचना तथा उपकरण जडान
- सापेक्षिक आद्रता ५०-१०० प्रतिशत कायम गर्न Humidifier, Evaporator जस्ता उपकरण जडान
- -४° देखि १५° सेन्टिग्रेड सम्म तापक्रम कायम गर्न सकिने गरी Refrigerant, Condenser आदि उपकरण जडान
- कार्बनडाइअक्साइडको मात्रा ४००० ppm भन्दा कम हुने गरी व्यवस्थापन गर्नुका साथै १७० cubic meter per hour per metric ton (CMH/Mt) सम्मको हावाको संचार गराउन सकिने गरी संरचना निर्माण
- जडान गरिएका यन्त्र उपकरणमा सुरक्षित विद्युत प्रवाहको लागि Stabilizer, Control system आदि जडान।

च) कोल्ड रुम/कोल्ड स्टोर निर्माणको लागत अनुमान तथा विस्तृत डिजाइन सरकारी कृषि/मेकानिकल इन्जिनियरबाट गराउनु पर्नेछ।

२. आर्थिक पक्ष

(क) कोल्ड स्टोर/कोल्ड रुम निर्माणका लागि स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

- संरचना निर्माण
- आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु खरिद तथा जडान
- कोल्डरुमको संरचनालाई घामपानीबाट जोगाउने ट्रस र छाना निर्माण
- भण्डार गृहमा कृषि उपज राख्ने ट्रे तथा तख्ता खरिद।

३. मूल्याङ्कनका आधारहरु

| क्र. सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **१.** | **कोल्डस्टोर/कोल्डरुम निर्माण हुने ठाउँमा पूर्वाधारको अवस्था** | **१०** |
| क | ३-फेज लाईनको विद्युत र सडक सुविधा भएको | १० |
| ख | ३-फेज लाईनको विद्युत र सडक सुविधा पुर्याउन सकिने | ५ |
| **२.** | **भण्डारण गरिने कृषि उपजको उत्पादन अवस्था** | **३०** |
| क | सम्बन्धित स्थानीय तहमा नै पूर्ण क्षमतामा भण्डार गर्न पर्याप्त उत्पादन भएको | ३० |
| ख | सम्बन्धित जिल्लामा नै पूर्ण क्षमतामा भण्डार गर्न पर्याप्त उत्पादन भएको | २० |
| ग | अन्य जिल्लाबाट उपज ढुवानी गरी भण्डारण गर्ने | १० |
| **३.** | **कोल्डस्टोर/कोल्डरुमको स्वमित्व** | **१०** |
| क | कृषक समूह/ सहकारीको स्वामित्व | १० |
| ख | निजी फर्म/ कम्पनीको स्वामित्व | ५ |
| **४** | **अनुदानग्राहीको साझेदारी प्रतिशत** | **१०** |
| क | कुल लागतको ५० प्रतिशत भएमा ५ अंक प्रदान गर्ने र सो भन्दा थप लागत साझेदारीको लागि प्रति ५ प्रतिशत १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने। | १० |
| **५.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (बजारीकरण, दिगोपना, नविनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्यांकन गरी १ देखि १० सम्म अंक प्रदान गर्ने) | १० |
| | जम्मा | **७०** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १६ को उपदफा ३ बमोजिमका कागजपत्रहरु

ख) समूह/सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि,

ग) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करारमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १५ वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।

घ) निर्माण कार्यको डिटेल कस्ट ईष्टीमेट र कोल्ड स्टोरको हकमा ड्रईङ र डिजाईज समेत

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) निर्माण गरिने कोल्डरुम/कोल्डस्टोरको क्षमता......... :..... मे.टन.

ग) कोल्डरुम/कोल्डस्टोरमा राखिने कृषि उपज सम्बन्धि विवरण

| क.सं. | भण्डारण हुने बस्तुको नाम | परिमाण | उपज उत्पादन हुने क्षेत्र | भण्डारण अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(घ) पूर्वाधारको अवस्था

- निर्माण स्थलको क्षेत्रफल :...............
- विद्युत आपूर्तिलाई नियमित राख्न गरिने कामहरु उल्लेख गर्नुहोस् ।

- निर्माण स्थलमा सडकको सुविधाः मुख्य सडकको नाम .................... मुख्य सडक र निर्माण स्थल जोड्ने सडक/बाटोको नाम........... र मुख्य सडकबाटको दुरी..............कि.मि. र सडक/बाटोको किसिम.............

.

ङ) संचालन हुने क्रियाकलापहरु

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | अनुदानग्राहिको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| क. | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ख. | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | जम्मा | | | | | | |

( च) माग गरेको जम्मा अनुदान रकम :

(छ) अनुदानग्राहीले व्यहोर्ने रकमको स्रोत :

(ज) व्यवसायिक योजना

- नविनतम सोच (प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच)

- कृषि उपजको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?

(झ) अन्य केही भए उल्लेख गर्नुहोस् ।